# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल असार १५ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

<table>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>कर्णाली प्रदेश सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७९"स्वीकृत गर्ने।</td></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>कर्णाली प्रदेश सरकार र वादी समुदाय संघर्ष समिति बीच मिति २०७७ फागुन २६ गते भएको सम्झौता अनुसार कार्यदल गठन गर्नेर सो कार्यदलको कार्यदिश स्वीकृत गर्ने।</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश पत्रकार कल्याण कोष सञ्चालन मापदण्ड, २०७९ स्वीकृत गर्ने।</td></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>तोकिएको शर्तको अधिनमा रही आ.व. २०७७।७८ को भुक्तानी हुन बाँकी पूर्वाधार विशेष कार्यक्रम तर्फको पूर्वाधार विकास कार्यालय, कालिकोटको रु. २४ लाख ९५ हजार ४ सय ७१ रुपैयाँ आर्थिक मामिला तथा योजना मन्त्रालयलाई व्यवस्थापन गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>सामाजिक विकास मन्त्रालय</td><td>
<table>
<tr><td>पद</td><td>मनोनीतव्यक्तिको नाम</td><td>ठेगाना</td></tr>
<tr><td>अध्यक्ष</td><td>श्री प्रेम बहादुर घले</td><td>गुमी-३, सुर्खेत</td></tr>
<tr><td>सदस्य</td><td>श्री निर्मला शर्मा</td><td>विरेन्द्रनगर-६,सुर्खेत</td></tr>
<tr><td>सदस्य</td><td>श्री केशर बहादुर रोकाय</td><td>वीरन्द्रनगर-८,सुर्खेत</td></tr>
</table>
</td></tr>
<tr><td>सामाजिक विकास मन्त्रालय</td><td>अन्तराष्ट्रिय खेल प्रतियोगितामा पदक विजेता खेलाडीलाई पुरस्कारवितरण गर्न स्वीकृति सम्बन्धमा।
<table>
<tr><td>१.</td><td>विन्दमानसार्की</td><td>नरहरीनाथ-९,कालिकोट</td><td>२,००,०००</td></tr>
<tr><td>२.</td><td>प्रकाशखड्का</td><td>वीरेन्द्रनगर-४, सुर्खेत</td><td>२,००,०००</td></tr>
<tr><td>३.</td><td>हिक्मतरोका</td><td>नौमुले-४, दैलेख</td><td>२,००,०००</td></tr>
<tr><td>४.</td><td>सुनुमायाबुढा</td><td>पातारासी-२, जुम्ला</td><td>२,००,०००</td></tr>
<tr><td>५.</td><td>कामनाविष्ट</td><td>भेरी मालिका-४, जाजरकोट</td><td>५०,०००</td></tr>
</table>
</td></tr>
<tr><td>जलस्रोत तथा उर्जा विकास मन्त्रालय</td><td>जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडबाट छुट्याइएको शेयर स्वीकृति तथा शेयर रकम भुक्तानीका लागि बजेट व्यवस्थापन गर्ने।</td></tr>
</table>

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल असार २२ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मातहतको साविक महिला विकास प्रशिक्षण केन्द्र, सुर्खेतको स्वामित्वमा रहेको वीरेन्द्रनगर-०८, बुलबुले चोक पूर्व उत्तर स्थित कित्ता नं. ५०, क्षेत्रफल १९५८३.७८ भएको जग्गामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत सञ्चालित प्रदेश सुशासन केन्द्रको भवन निर्माण र सोको लागि आवश्यक खरिद कार्य प्रकृया अगाडि बढाउन स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्‌को मिति २०७९ साल असार २९ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | हाम्रा कुरा हाम्रा मुख्यमन्त्री विद्युतीय गुनासो व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल श्रावण ०४ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| | |
|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | र कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमा बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल श्रावण ११ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| | |
|---|---|
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | आ.व. २०७६।०७७ सम्मको बार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका प्राइभेट फर्मले २०७९ साल पौष मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको छ प्रतिशत रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिनाहा गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल श्रावण १८ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिमा विचाराधीन सिंजन सभ्यता संरक्षण तथा तथा विकास विधेयक, २०७८ मा प्रदेश सरकारको धारणा पठाउने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेतको प्रशासनिक भवन निर्माणको कार्य भई रहेकोमा विस्तृत परियोजना प्रतिवेदन अनुसार ल्याण्डस्केपिङ्ग र पार्किङ स्थल निर्माण गर्न हाल कार्यालयले प्रयोग गरिरहेको पुरानो भवन भत्काई लिलाम गर्न स्वीकृति प्रदान गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल श्रावण २५ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विधेयकको मस्यौदा तर्जुमाका लागि कर्णाली प्रदेश सरकारबाट लिनुपर्ने सैद्धान्तिक स्वीकृतिको अवधारणापत्रको ढाँचा स्वीकृत गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल भदौ ०१ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीको काममा सहयोग पु¥याउन हुम्ला जिल्ला, साविक वरगाउँ गा.वि.स., वडा नं. ८ हाल सिमकोट गाउँपालिका, वडा नं. ३ बस्ने श्री याङजुङ्ग डोल्मा लामालाई पारिश्रमिक बापत मासिक रु. ४५,०००/- र घरभाडा बापत मासिक रु. १५,०००/- मात्र पाउने गरी समन्वय विज्ञ नियुक्त गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल भदौ २२ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको ब्यहोरा |
|---|---|
| भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | "भूमि, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९" स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | स्वयंसेवकलाई उपलब्ध गराउने निर्वाह भत्ता निर्धारणका लागि स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| जलस्रोत तथा उर्जा विकास मन्त्रालय | कर्णाली प्रदेशको खानेपानी तथा सरसफाई सम्बन्धी विधेयक तर्जुमा गर्न जलस्रोत तथा उर्जा विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल भदौ २८ गते मङ्गलबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको आवासीय तालिम केन्द्र निर्माण गर्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माणका लागि गर्नुपर्ने Master plan/ Detailed project report लगायतका कार्यको जिम्मेवारी भौतिक पूर्वाधार मन्त्रालयलाई प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको चालु दशौं अधिवेशन मिति २०७९/५/३१ गते शुक्रबार राती १२:०० बजेदेखिअन्त्यगर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०७९ लाई स्वीकृति प्रदानगर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | विपद् उद्धार साहसिक पुरस्कार वितरण कार्यविधि, २०७९ लाई स्वीकृति प्रदान गर्ने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खन्न तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यबिधि, २०७९ स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | (१) प्रदेश आयुर्वेद औषधालय, सुर्खेतको नाम परिवर्तन गरी प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र कायम गर्ने । केन्द्रको संगठन संरचना यसै साथ संलग्न अनुससूची १ बमोजिम हुने ।<br>(२) स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतमा रहेको आयुर्वेद विज्ञ (स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह, ९/१० तह) पद संख्या एक र कविराज (स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह, ५/६/७ तह) पद संख्या एक को दरवन्दी खारेज गर्ने।<br>(३) साबिकको प्रदेश आयुर्वेद औषधालय सुर्खेतको विद्यमान दरब्न्दी संख्या ८ मा १९ दरबन्दी थप गरी तथा एक दरबन्दी घटाई प्रदेश |

| | |
|---|---|
| | आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको जम्मा दरबन्दी २६ (छब्बीस) कायम गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल असोज १२ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि, २०७९ लाई स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९ लाई स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९लाई स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | विपद् उद्दार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९ मा आर्थिक ब्ययभार सम्बन्धी विषयलाई समावेश गर्न स्वीकृति प्रदान गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल असोज २६ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | लोक सेवा आयोगबाट माग आकृति फाराम भरी पठाउन अनुरोध भई आएबमोजिम यस कार्यालयबाट माग आकृति फाराम भरी पठाइएकोमा कम्प्युटर इन्जिनियर पदको सेवा नेपाल इन्जिनियरिङ्ग उल्लेख हुन गएको तर नेपाल विविध सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को अनुसूची-१ बमोजिम कम्प्युटर इन्जिनियरको पदलाई नेपाल विविध सेवा अन्तर्गतको सेवा/समूह निर्धारण गरेको हुनाले कम्प्युटर इन्जिनियर पदको सेवा/समूहलाई इन्जिनियरिङ सेवाको सट्टा नेपाल विविध सेवा कायम गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल मंसिर २१ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

<table>
<tr><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>कर्णाली प्रदेशका विभिन्न भौगोलिक क्षेत्रमा स्वीकृत दरबन्दीमा सेवा करारमा कार्यरतकर्मचारीलाई आ.व. २०७९/८० को साउन १ गते देखि लागु हुने करार सम्झौतामा उल्लेख गरी देहायको रकम कर्णाली प्रोत्साहन भत्ताको रुपमा उपलब्ध गराउने।
<table>
<tr><td>१.</td><td>सुर्खेत</td><td>४,०००/-</td></tr>
<tr><td>२.</td><td>सल्यान, रुकुम पश्चिम, जाजरकोट र दैलेख</td><td>६,०००/-</td></tr>
<tr><td>३.</td><td>कालिकोट र जुम्ला</td><td>८,०००/-</td></tr>
<tr><td>४.</td><td>मुगु, डोल्पा र हुम्ला</td><td>१०,०००/-</td></tr>
</table></td></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>कर्णाली प्रदेश सरकारका पूर्व आर्थिक मामिला तथा योजना मन्त्री श्री विन्दमान विष्ट अकस्मात विरामी भई सुर्खेत र काठमाण्डौका विभिन्न अस्पतालहरुमा मिति २०७९/०३/२५ देखि २०७९/०४/१० सम्म उपचार गराउनु भएकोमा उपचारको सिलशिलामा भएको खर्चको विवरण तथा विल/भरपाई बमोजिमको उपचार खर्च वापत रु.३,१४,१६९.४३ (तीन लाख चौध हजार एक सय उनान्साठी रुपैंयाँ त्रिचालीस पैसा मात्र) भुक्तानी दिने।</td></tr>
<tr><td>भौतिक पूर्वाधार विकास मन्त्रालय</td><td>संघीय सशर्त अनुदानमार्फत् कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अन्तर्गतको सडक कार्यालय रुकुम (पश्चिम) चौरजहारीबाट कार्यान्वयन हुने गरी बजेट उपशिर्षक नं.३३७९११३२ "गुमी पातिहाल्ना चौर सुर्खेत सडक", कार्यक्रम अन्तर्गत "जरे-शिवनगर-गुमी-पातिहाल्ना राकम सडक सुर्खेत" को लागि चालु आ.व.०७९/०८० मा विनियोजित बजेट रकम रु. ९,००,००,०००।– (नौ करोड रुपैयाँ) उक्त कार्यक्रम कार्यान्वयनको लागि पर्याप्त नभएको र सो कार्यक्रम स्रोत सुनिश्चितता गरी वहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न उपयुक्त हुने देखिएकोले संघीय सरकारबाट नै कार्यान्वयनको लागि आवश्यक व्यवस्था हुन संघीय सरकार समक्ष अनुरोध गर्ने।</td></tr>
</table>

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल पुस ४ गते सोमबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०७९ स्वीकृत गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल पत्रकार महासंघलाई केन्द्रिय साधारण सभाको लागि प्रदान गरिने आर्थिक सहयोग/अनुदान सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक वर्ष २०७८/०७९ को भुक्तानी बाँकी रकम व्यवस्थापनगर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल पुस १३ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको पहिलो अधिवेशन मिति २०७९/९/१८ गते सोमबार दिनको १:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १. कर्मचारी अभिलेख शाखाले तत्कालको समस्या समाधानका लागि नयाँ नियुक्ति भएका कर्मचारीको वैयक्तिक विवरण फारम (सिटरोल) संकलन गरी म्यानुअल रुपमा दर्ता गरी कर्णाली प्रदेशमा सिफारिस भएका कर्मचारीको हकमा संकेत नम्वर K00001 बाट र स्थानीय तहमा सिफारिस भएका कर्मचारीको हकमा संकेत नम्वर KL0001 बाट शुरु गरी अस्थायी संकेत नम्बर प्रदान गर्ने,<br>२. कर्मचारीको वैयक्तिक विवरण फारम (सिटरोल) प्रमाणीकरणको कार्य प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा हेर्ने सचिवबाट हुने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल पुस २५ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्का सदस्यको सचिवालय व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संघीय समपूरक तथा विशेष अनुदान माग गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | हेलिकप्टरबाट ढुवानीभएकोगाडीकोढुवानीरकमकोव्यवस्थापनगरीभुक्तानीगर्नेकार्यलाईस्वीकृतिप्रदानगर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रादेशिक पत्रकारिता पुरस्कार वितरण सम्बन्धी विषयलाई स्वीकृति प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने। |
| जलस्रोत तथा उर्जा विकास मन्त्रालय | कर्णाली उज्यालो कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ लाई स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | पदक विजेता खेलाडीलाई पुरस्कार वितरण गर्न स्वीकृति। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल माघ ०४ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेशमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहकार्यमा वार्षिक १०,००० (दश हजार) रोजगारी सिर्जना गर्ने लक्ष्यका लागि ठोस कार्ययोजना सहितको मार्गचित्र निर्माण गर्न अनुसूची बमोजिमको संरचना र जिम्मेवारी सहितको "समृद्ध कर्णालीका लागि रोजगारी मार्फत स्वरोजगारीको मार्गचित्र तथा कार्ययोजना निर्माण कार्यदल" गठन गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल माघ ०९ गते सोमबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-१ र अनुसूची-२को सट्टा यसै साथ संलग्न अनुसूची-१ र अनुसूची-२राखी हेरफेर गर्ने र सो को सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल माघ १३ गते सुक्रबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश राजधानी वीरेन्द्रनगर, सुर्खेतलाई व्यवस्थित, आकर्षक र पूर्वाधारयुक्त नगरको रुपमा विकास गर्न वीरेन्द्रनगर पालिकासँग सहकार्य गरी नगरको स्थानगत एकीकृत विकास योजना निर्माण गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल माघ २३ गते सोमबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालयको संगठन तथा व्यवस्थापन, बजेट तथा कार्यक्रम कार्यान्वयन र कार्य जिम्मेवारी सम्बन्धमा देहायबमोजिम गर्नेः-<br>१. चालु आ.व. २०७९/०८० को असार मसान्तभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालय र मातहतमा रहने संरचना र दरबन्दीको निक्यौंल गर्ने,<br>२. एकीकृत मन्त्रालयको नाममा चालु आ.व.को असार मसान्तसम्म साविकमा दिइएको अख्तियारी अनुसार नै बजेट तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने,<br>३. हाल कार्यरत प्रदेश सचिव (भौतिक पूर्वाधार तर्फ र ऊर्जा तथा जलस्रोत तर्फ) हरुले साविकको कार्यजिम्मेवारी अनुसारकै कार्यक्षेत्रमा कामकाज गर्ने र एक अर्काको अनुपस्थितिमा एकले अर्काको कार्यसम्पादन गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्य,<br>१. कर्णाली प्रदेश सरकारको प्रवक्ता आन्तरिक मामिला तथा कानून मन्त्रीलाई तोक्ने।<br>२. मन्त्रिपरिषद्को बैठक २०७९ फागुनदेखि प्रत्येक महिनाको दोस्रो र चौंथो हप्ताको बुधबार दिनको ४:०० बजे बस्ने। |
| भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय | एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन नियमावली, २०७९ स्वीकृत गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेशभर प्रदेश र स्थानीय तहका कार्यालयका लागि मात्र वि.स. २०७९ फागुन १ गते सोमबार जनयुद्ध दिवसको सार्वजनिक विदा दिने र सोको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल फागुन २९ गते सोमबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "आयोजना सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९" स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "कर्णाली प्रदेश सुशासन नियमावली, २०७९" स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवको जिम्मेवारीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री आनन्द सारुलाई तोक्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | "विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" स्वीकृत गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल चैत्र ०८ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम दैलेख जिल्ला, चामुण्डा विन्द्रासैनी नगरपालिका, वडा नं. ४ निवासी योगेन्द्र बहादुर शाहीलाई कर्णाली प्रदेश योजना आयोगको उपाध्यक्षमा नियुक्ति गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | रुकुम पश्चिम जिल्ला, मुसिकोट नगरपालिका, वडा नं. ५ बस्ने श्री भरत कुमार शर्मालाई प्रमुख प्रशासनिक सल्लाहकार (विज्ञ) का रुपमा नियुक्ति गर्ने र नेपाल राष्ट्र बैंक, काठमाडौंमा कार्यरत उपनिर्देशक डा. सालिकराम पोखरेललाई वरिष्ठ आर्थिक सल्लाहकार (विज्ञ) का रुपमा काजमा खटाइदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथ संचालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| भूमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय | खाद्य अधिकार तथा सम्प्रभुता (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने। |
| भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय | वन क्षेत्रको जग्गा प्राप्त गर्नका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ साल चैत्र २९ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

<table>
<tr><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>वीरेन्द्रनगर नगरपालिका वडा नं. ७ मा रहेको कि.नं. ४ र कि.नं. ७ (नक्सा नं. २९११२९०७) क्षेत्रफल १२६४६ वर्ग मिटर जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत प्रदेश मन्त्रालयको एकीकृत प्रशासकीय भवन निर्माण गर्नको कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराइदिन सम्बन्धित निकाय मार्फत नेपाल सरकार समक्ष सिफारिस तथा अनुरोध गर्ने।</td></tr>
<tr><td>भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय</td><td>अस्थायी संगठन संरचना स्वीकृत गर्ने।</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश भित्र वि.सं. २०८० सालमा निम्न दिनहरुमा सार्वजनिक बिदा दिने र सोको सूचना राजपत्रमा प्रकाशन गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>पर्व/दिवसहरु</th><th>मिति</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">धान दिवश</td><td>असार १५ गते बुधबार</td><td>प्रदेशका जुम्ला बाहेक ९ जिल्ला</td></tr>
<tr><td>चैत्र १२ गते आइतबार</td><td>जुम्ला जिल्लामा मात्र</td></tr>
<tr><td>२.</td><td>साउने संक्रान्ति तथा देउडा पर्व</td><td>साउन १ गते आइतबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>३.</td><td>प्रदेश स्थापना तथा शहिद दिवस</td><td>भाद्र ४ गते शनिबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>४.</td><td>चन्दननाथ मन्दिरको लिङ्गो बोक्ने मेला</td><td>असोज कृष्ण त्रयोदशी</td><td>जुम्ला जिल्लाका प्रादेशिक र स्थानीय तहका कार्यालय मात्र</td></tr>
<tr><td>५.</td><td>चैत दशै</td><td>चैत शुक्ल अष्टमी</td><td>प्रदेशभर</td></tr>
<tr><td>६.</td><td>राम नवमी</td><td>चैत शुक्ल नवमी</td><td>प्रदेशभर</td></tr>
</table>
तिथि अनुसार दिइने विदाको मिति आन्तरिक मामिला तथा कानून मन्त्रालयको तत् तत् समयमा निर्णय गरी सार्वजनिक गर्ने।</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशको तेस्रो साधारण सभाको लागि प्रदान गरिने आर्थिक सहयोग/अनुदान सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने।</td></tr>
<tr><td>उद्योग, पर्यटन, वन तथा वातावरण</td><td>प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९, स्वीकृती गर्ने।</td></tr>
</table>